*ज्ञानदीप, विज्ञसमीक्षित जर्नल*
*वर्ष १०, अङ्क १, २०८१, असार, पृ.९६–१०७*
*ISSN 2382–543X*
*नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।*

# कैरन कथासङ्ग्रहका कथामा मिथकीय पात्रको पुनर्सिर्जन

सीता अधिकारी थापा
उपप्राध्यापक, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।
Adhikari.sitsth@gmail.com

## लेखसार

प्रस्तुत लेख *कैरन* कथासङ्ग्रहका 'ब्राह्मी' र 'स्वाहा' कथाका पौराणिक मिथकीय पात्रको पुनर्सिर्जनमा केन्द्रित रहेको छ । विशेष गरी यो लेख *कैरन* कथासङ्ग्रहमा सङ्कलित दुई कथालाई मात्र सोद्देश्य छनौट गरी ती कथामा प्रयुक्त केकस्ता पौराणिक पात्रलाई पुनर्सिर्जन गरिएको छ भन्ने मूल शोध्यसमस्यामा केन्द्रित रहेको छ । 'ब्राह्मी' र 'स्वाहा' कथाका पात्रीय पुनर्सिर्जनका पक्षमा आधारित अध्ययन नभएकाले यो शीर्षक औचित्यपूर्ण देखिएको छ । यस लेखका लागि पुस्तकालीय र इन्टरनेट स्रोतबाट सङ्कलन गरिएका गुणात्मक ढाँचाका सामग्रीहरूको व्याख्या विश्लेषणात्मक विधिद्वारा अध्ययन गरिएको छ । 'ब्राह्मी' र 'स्वाहा' कथामा पुनर्सिर्जनलाई साहित्यिक प्रक्रियाका रूपमा लिएर पुराण तथा लोकप्रसिद्ध मिथकीय घटनाका विभिन्न पात्रलाई समकालीन समय–सन्दर्भसापेक्ष प्रस्तुत गरिएको छ । आदिम प्रवृत्तिको पुनरावृत्ति भइरहने हुनाले समाजयथार्थलाई प्रस्तुत गर्न, पुनःव्याख्या गर्न एवम् परम्परागत मूल्यमान्यताको विघटन गर्न कथामा पौराणिक मिथकीय पात्रको पुनर्सिर्जन गरिएको पाइन्छ । यस अध्ययनबाट 'ब्राह्मी' र 'स्वाहा' कथामा पौराणिक मिथकीय पात्रलाई नेपाली समाजका समकालीन सामाजिक, सांस्कृतिक सन्दर्भमा विद्यमान जातीय, वर्गीय विभेदका समस्याहरू प्रस्तुत गर्दै अस्तित्वको पहिचान र समतामूलक परिवर्तनको उद्घोषका लागि पुनर्सिर्जन गरिएको निष्कर्ष प्राप्त भएको छ ।

*शब्दकुञ्जी* : अस्तित्व, किंवदन्ती, दन्त्यकथा, मिथकीय, विभेद ।

## विषयपरिचय

*कैरन* (२०७४) कथाकार ध्रुवसत्य परियारका १२ वटा कथाहरूको सङ्ग्रह हो । समकालीन नेपाली आख्यानमा थोरै लेखेर पनि स्थापित कथाकारका यस कथासङ्ग्रहमा ब्राह्मी, जालिनी, रानीतरुल, मायाताल, शाल्मली, सहिदकी छोरी, गुराँस फुल्ने लेक, नान्दी, धुनी, सुगा, स्वाहा र बिजुली कथाहरू सङ्ग्रहित छन् । प्रस्तुत अध्ययनमा परियारका केवल 'ब्राह्मी' र 'स्वाहा' कथाको पौराणिक मिथकीय पात्रको विश्लेषण गरिएको छ। अधिकांश कथाहरूमा पौराणिक कथा, लोकजीवनमा प्रचलित किंवदन्ती आदिलाई आधार बनाई वर्तमान समस्यालाई अभिव्यक्त गर्न खोजिएको छ । समकालीन नेपाली समाजको यथार्थलाई नै कथावस्तुका रूपमा उपयोग गरेर मिथकीय पात्रका पुनर्सिर्जन गरी अनेकौँ समस्याहरूको रोमाञ्चक प्रस्तुतिका रूपमा *कैरन* कथासङ्ग्रह प्रस्तुत भएको छ। प्रगतिवादी चेतनातर्फ झुकाव राख्ने कथाकारका विवेच्य कथामा पनि उनको मिथकीय चेतना प्रत्यक्ष–परोक्ष वैचारिकीका रूपमा प्रस्तुत भएको छ । विभिन्न कथामा नेपाली समाजमा विद्यमान जातीय छुवाछुत, वर्गीय विभेद र असमानताका साथै विकृति–विसङ्गतिका विविध रूपलाई देखाउन लोकजीवन, पौराणिक र इतिहासमा प्रसिद्ध

मिथकीय किंवदन्ती र चरित्रलाई पुनर्सिर्जन गरी युगीन जटिलताको उद्घाटन गरिएको छ। प्रायः कथामा पात्र चयन तथा कथ्य शैलीमा नवीन प्रयोगद्वारा सामाजिक विसङ्गतिहरूलाई नङ्ग्याउँदै विद्रोह र परिवर्तनका चेतनालाई अभिव्यक्ति दिन मिथकीय पात्रको पुनर्सिर्जन प्रक्रियाको उपयोग गरिएको छ ।

साहित्यको जीवन्त र गतिशील विधा कथाका कथ्यवस्तुका विभिन्न स्रोतमध्ये मिथक पनि एक हो । तत्कालीन समय–सन्दर्भमा उपयुक्त मानिएका समाजमा प्रचलित रहेका विषय मिथक र किंवदन्ती हुन् अनि तिनलाई भिन्न सन्दर्भमा पुनर्लेखन गर्नु पुनर्सिर्जन प्रक्रिया हो । वैदिक–पौराणिक, समाज, संस्कृति, इतिहास, लोकपरम्परा लगायत विश्वमा प्रचलित अनेक मिथकहरू साहित्यमा प्रयोग हुँदै आएका छन् । त्यस्ता मिथकमा लेखक वा पाठकले ठम्याएका वा अनुभूत गरेका विषयमा रहेका रिक्तताको परिपूर्तिका निम्ति पुनर्सिर्जन गर्ने प्रवृत्ति पूर्वीय र पाश्चात्य साहित्यमा रहेको पाइन्छ । साहित्यिक विधा स्वयम्मा पुनसिर्जनको प्रक्रिया पनि भएकाले यसमा जीवनजगत्सम्बद्ध घटना र चरित्रमा आधारित विविध यथार्थको काल्पनिक प्रस्तुति रहेको हुन्छ । पूर्व पाठका घटना–सन्दर्भ र पात्रलाई आधार लिई लेखकले स्वयम् मूल पाठको पाठक भएर त्यसलाई आफ्नो सामाजिक–सांस्कृतिक सन्दर्भअनुरूप प्रस्तुत गर्न नयाँ पाठ सिर्जना गर्ने तथा यसमार्फत आफ्नो दृष्टिकोणबाट पुनःव्याख्या गर्दै भिन्न विचार पनि प्रस्तुत गरेको हुन्छ । समकालीन नेपाली कथामा मूलतः पूर्वीय र पाश्चात्य मिथकीय कथाका घटना र चरित्रहरूको पुनर्सिर्जन भएको देखिन्छ । मिथकीय कथाका आधार पनि कुनै कालखण्डको समाज नै भएकाले कतिपय मिथक, किंवदन्ती वा पौराणिक, ऐतिहासिक कैरनहरू कथामा विभिन्न तरिकाले आएका हुन्छन् । हरेक युग र समाजमा प्रचलित त्यस्ता किंवदन्ती, पौराणिक कथा आदिले मानिसको मानसिकता, सोच र संस्कारमा गहिरो प्रभाव पार्नाका साथै तिनले नजानिँदो किसिमले मानव समाजलाई सकारात्मक वा नकारात्मक गतितर्फ डोऱ्याउन महत्त्वपूर्ण भूमिका खेलिरहेको देखिन्छ ।

पुनर्सिर्जन सिर्जनात्मक लेखन वा प्रस्तुतिको प्रवृत्ति र प्रविधि हो । उत्तरआधुनिकताले कुनै पनि सत्य स्थिर र शाश्वत् नहुने तथा समय–सन्दर्भसँगै ती भत्किने र नयाँ बन्दै जाने धारणा राखेको छ । साहित्यमा पनि परम्परागत स्थापना वा मान्यताले सत्य मानेको सन्दर्भ वर्तमानमा असान्दर्भिक हुने भएकाले तिनलाई समय सान्दर्भिक पुनर्सिर्जन गरी छोपिएका सत्यको खोजी गर्नु महत्त्वपूर्ण मानिन्छ । विगत वर्तमानसँग निरन्तरतामा आउने भएकाले साहित्यमा गरिने पुनर्सिर्जन सकारात्मक परिवर्तनका उद्देश्यले लेखन प्रवृत्तिका रूपमा आएको हुन्छ । मिथकीय पात्रको पुनर्सिर्जनमा पूर्ववर्ती पाठका आधारमा तिनको नवीन विश्वदृष्टि अनुरूप पुनर्व्याख्या वा पुनःसिर्जना गर्ने परम्परा रहेको देखिन्छ । *कैरन*का कथामा परम्परागत पौराणिक घटना एवम् मिथकीय चरित्रका पुनर्लेखन गरी प्रगतिशील चेतना मुखरित भएको पाइन्छ भन्ने बारेमा विभिन्न समीक्षा गरिएको पाइन्छ । यस कथासङ्ग्रहका बारेमा रातोपाटी डटकम (२०७४), बाह्रखरी, नेपाली साहित्यघर (सन् २०१७), मार्टिन चौतारी ( समाज अध्ययन–१५, सन् २०२१ र २०७४), सौर्य अनलाइन (२०७४ कार्तिक २७), अन्नपूर्ण पोस्ट (२०७५ वैशाख २९), सेतोपाटी, नेपालदूत (सन् २०२१), शिलापत्रलगायत विभिन्न पत्रपत्रिकाका साथै अधिकारी (२०७६), ढकाल(२०७५) ले पनि चर्चा गरेका छन् । अधिकांशले *कैरन*लाई मिथकीय, दन्त्यकथाका किंवदन्ती आदिका माध्यमबाट जातीय विभेद र अन्यायको विरोध गरी दलित वा सीमान्तीयका आवाजलाई बुलन्द पार्ने कथाकृति हो भन्नेमा मतैक्य देखाएका छन् । यसबाट ऐतिहासिक घटना, पुराण, दन्त्यकथा आदिका मिथकीय घटनावस्तु, पात्र, सन्दर्भ आदिको प्रयोग गरी समकालीन जीवनका विविध आयामलाई नवीन शैलीमा प्रस्तुत गरिएका कथालाई पुनर्सिर्जनको कसीमा राखेर अध्ययन विश्लेषण गर्न सकिने

आधार प्राप्त भएको छ । तर मिथकीय कोणबाट यी कथाका पात्रको अध्ययन नभएको पूर्वकार्यबाट प्राप्त रिक्तताको आधारमा 'ब्राह्मी' र 'स्वाहा' कथाको मिथकीय पात्रको पुनर्सिर्जन शीर्षकको अध्ययन औचित्यपूर्ण देखिएको छ । यस अध्ययनमा उपर्युक्त कथामा केकस्ता पौराणिक पात्रको पुनर्सिर्जन कसरी भएको छ भन्ने शोध्यप्रश्नको जिज्ञासामा केन्द्रित रहेर पाठकेन्द्री विधिबाट तथ्यको विश्लेषण गरिएको छ । *कैरन* कथासङ्ग्रहबाट सोद्देश्य छनोट गरिएका 'ब्राह्मी' र 'स्वाहा' कथामा प्रयुक्त मिथकीय पात्रको पुनर्सिर्जनमा मात्र केन्द्रित रहनु यस लेखको परिसीमा रहेको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन ध्रुवसत्य परियारका 'ब्राह्मी' र 'स्वाहा' कथामा पौराणिक मिथकीय पात्रको पुनर्सिर्जनको विश्लेषणमा केन्द्रित रहेको छ । यसका निम्ति प्रमुख अध्ययन सामग्रीका रूपमा *कैरन* सङ्ग्रहभित्रबाट सोद्देश्य छनौट गरिएका 'ब्राह्मी' र 'स्वाहा' कथा रहेका छन् । यसबाहेक कथामा पुनसिर्जनसम्बन्धी चर्चा भएका अन्य पुस्तक, लेखरचना आदि द्वितीयक सामग्रीको पनि उपयोग गरिएको छ । यस लेखका लागि आवश्यक अध्ययन सामग्रीहरू पुस्तकालीय कार्य तथा इन्टरनेट स्रोतबाट सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूको पुनर्सिर्जनका मान्यतामा रही निगमनात्मक विधिबाट पाठकेन्द्री अध्ययन गरी व्याख्या विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

## छलफल : प्राप्ति र निष्कर्ष

### मिथकीय पुनर्सिर्जनको सिद्धान्त

अङ्ग्रेजीको मिथ (Myth) शब्द ग्रिसेली मिथोसबाट बनेको हो । यही मिथमा 'अक' प्रत्यय लागेर निर्मित मिथक शब्दमा पुन: 'ईय' लागेर बनेको मिथकीय शब्दले पनि मिथकै अर्थवरण गरेको पाइन्छ । पूर्वीय र पाश्चात्य साहित्यमा मिथकको प्रचलन पुरानो भए पनि यसलाई आख्यानका सन्दर्भमा जोडेर अध्ययन र परिचर्चा गर्ने क्रम उत्तरआधुनिकतावादले गरेको देखिन्छ । नर्थप फ्राइले मिथको अर्थ कलाका क्षेत्रसँग सम्बन्धित मान्दै मानिसको सिर्जनात्मक अभिव्यक्तिको कलाको रूप, मानवसंस्कृतिको दस्तावेज र मानवप्रवृत्तिको अन्वेषण गरिएको प्रतीकात्मक भण्डारको रूपमा प्रस्तुत गरेका छन् ( फ्राइ, सन् १९९३, पृ. ३६०) । मिथक जीवन र जगत्को उत्पत्ति, धार्मिक–सांस्कृतिक विश्वास, वर्गीय संरचना, अतिमानवीय प्राकृतिक शक्ति आदिसँग सम्बन्धित आख्यानमूलक लोकसम्पदा हो । यसलाई आलोचनाविहीन रूपमा स्वीकृत कुनै अवस्तुगत विश्वास र आदर्श पनि मानिन्छ (एटम, २०७४, पृ.१८७) । आदिम समाजको उपज मानिएको मिथक हरेक समाजमा लोकविश्वासका रूपमा प्रचलित रहेका हुन्छन् । सिर्जनात्मक लेखनमा पूर्वलिखित पाठका अथवा मिथकीय घटना, चरित्र, प्रवृत्तिको पुनर्सिर्जनद्वारा पुनरावृत्ति भइरहन्छ । ढकाल (२०७५) का अनुसार मानवजीवन र सृष्टिसँग सम्बन्धित प्राचीन ग्रन्थ, इतिहास, पुराण, लौकिक तथा अलौकिक घटनासँग सापेक्ष रही लोकविश्वासका आस्था नै मिथक हुन् जुन बिम्बका रूपमा प्रतिबिम्बित हुन्छन् (पृ.३) । मिथक विभिन्न प्रकारका हुन्छन् र तिनको निर्माणमा विविध आन्तरिक र बाह्य तत्त्वहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । मिथक वा किंवदन्तीमा पनि व्याख्या गर्दै जाने क्रममा धेरै कुरामा थपघट हँदै जान्छन् । मूल पाठका यस्ता मिथक वा किंवदन्ती र पौराणिक कथा अनि घटना, चरित्रको पुनर्लेखनको प्रक्रिया साहित्यमा पनि निरन्तर चलिरहन्छ । मिथक आदिम मानवले अनुभूति गरेका विभिन्न रहस्य, आनन्द, भय आदिको काल्पनिक रूप भएकाले यो मूलतः मानव स्वभावसँग जोडिएको देखिन्छ भने यसका बाह्य तत्त्वहरूमा विभिन्न अनुष्ठान, प्राकृतिक तत्त्व, एतिहासिक घटना, नैतिक चेतना आदि रहेका हुन्छन् । मिथकमा हुने भावात्मकता, कल्पनाशीलता, प्रतीकात्मकता एवम्

रहस्यानुभूतिजस्ता तत्त्वले यसलाई साहित्यसँग जोड्दछ (बराल र एटम, २०६६, पृ. १५६) । आदिम जाति वा समुदायका मौखिक आख्यानमूलक मिथकको सङ्कलित भण्डारलाई पुराण र मिथकलाई पुराकथा पनि भनिएको छ । यसमा आद्यबिम्बको प्रशस्त प्रयोग गरिएको हुनाले यसलाई सामूहिक अवचेतनका रूपमा व्याख्या गर्ने प्रचलन देखिन्छ । मिथकमा आदिम मानवका दमित जातीय स्मृतिहरू रहेका कारण यसले पाठकस्रोतामा निहित मिथकको उद्बोधक शक्तिलाई प्रबल ढङ्गले उत्प्रेरित गर्छ (एटम, २०७४, पृ.१८७) । मूल विषय वा घटनासँग सम्बन्धित भएर आएका त्यस्ता मिथकीय पात्रमार्फत जीवनजगत्को शाश्वत पक्ष प्रस्तुत गरिएको हुन्छ । आख्यानमा आएका त्यस्ता पात्रहरूले पुरानो मिथकको चरित्रलाई स्पष्ट गरेका हुन्छन् । मिथकमा प्रयुक्त पात्रहरू स्वयम्मा आद्यरूपीय हुन् । यस्ता पात्रले मानवीय स्वभाव, गुण, अवस्था, मानवविकास आदिको अवस्थालाई देखाएका हुन्छन् । संसारका मिथक, लोककथा एवम् अनुश्रुतिहरूमा आउने सार्विक चरित्र नै आद्यरूपीय चरित्रका रूपमा देखिन्छन् (गडतौला, २०६८, पृ. ४) । आख्यानको एउटा महत्त्वपूर्ण स्रोत मिथकले आधुनिक साहित्यमा कथाका रूपमा प्रकट भएर निश्चित समाजको विविध पक्षलाई प्रस्तुत गर्न तिनको समसामयिक रूपमा पुनर्सिर्जन हुँदै आएको पाइन्छ ।

मिथकीय पात्रको पुनर्सिर्जन मिथकका घटना, चरित्रको पुनःसंरचनाको अवधारणा हो । मिथकमा पौराणिक, आद्य, पूज्य, विश्वसनीय पात्र आएका हुन्छन् । मिथकीय आख्यानमा पौराणिक र काल्पनिकता मिसिएका पात्रको समेत प्रयोग गरिएको हुन्छ र तिनलाई समय सान्दर्भिक बनाएर प्रस्तुत गरिएको पाइन्छ । मिथकीय पात्रको पुनर्सिर्जनले विगतका साहित्यिक रचनामा देखिएका चारित्रिक अपूर्णतालाई परिवर्तित सामाजिक, राजनीतिक तथा विभिन्न सन्दर्भमा पूर्ण बनाउने काम गर्दछ । साहित्य लेखनमा तत्कालीन राजनीतिक शक्ति तथा ऐतिहासिक–सामाजिक सन्दर्भको प्रभाव रहने भएकाले समयअनुसार तिनको पुनःपरीक्षण र पुनर्मूल्याङ्कन हुनु आवश्यक रहेको हुन्छ र मिथकीय पुनर्लेखन त्यसको एउटा साधन हो (मोरारु, २००१, पृ.१५) । परम्परागत सामाजिक–राजनीतिक मूल्यमान्यता तथा विचार तथा पात्रहरूका प्रवृत्तिगत आधारमा निर्मित मिथकीय पुनर्सिर्जन गरी तिनलाई भिन्न तरिकाले पुनर्व्याख्या गरिन्छ । पुनर्सिजनका रूपमा लेखकले पुरानो सिर्जनाको नक्कल मात्र नगरी पात्रलाई समय सन्दर्भअनुरूप आफ्ना नवीन दृष्टिकोण र लेखकीय विचार प्रस्तुतिको माध्यम बनाएको पाइन्छ । उत्तरआधुनिक मान्यताले लेखक–पाठ–पाठकका सम्बन्धमा आएको परिवर्तनअनुसार नयाँ पाठमा अर्थका बहुल सम्भावनाको खोजी गर्दछ । लेखकीय पाठलाई पुनर्पठन गर्दै जाँदा पाठकले महसुस गरेको पाठभित्रको रिक्तताले उसलाई पुनर्लेखनतर्फ सक्रिय गराउने मान्यता रहेको देखिन्छ (इको, २००४, पृ. ४०)। कुनै पनि लेखन वा पाठ मौलिक नहुने तथा पाठमा देखिने अपूर्णताको बोधले सिर्जनात्मक पुनरावृत्तिका रूपमा पुनर्लेखन गरेको देखिन्छ । ह्यारोल्ड ब्लुमले पुनर्लेखन अग्रज कृतिको पूर्णता नभई त्यसप्रतिको विद्रोह हो र विद्रोहको प्रक्रिया हो, विपर्यय र विरूपण हो भन्ने धारणा प्रस्तुत गरेका छन् (गौतम, २०७१, पृ.१७७) । यस क्रममा लेखकले अनुभूत गरेका सत्यका रूपमा आफ्नै समाज–संस्कृतिका सन्दर्भ र मूल्य–मान्यता प्रस्तुत गरेको हुन्छ । साहित्य सिर्जना पाठकका निम्ति भएकाले लक्षित समुदायका पाठकको सामाजिक सांस्कृतिक सन्दर्भअनुसार विचारलाई प्रस्तुत गर्ने क्रममा पूर्वरचनाबाट पात्र र सन्दर्भ लिएर पुनर्सिर्जन गरिन्छ । यसो गर्दा परम्परित मान्यतामाथि संशय राख्दै परिवर्तित सन्दर्भमा पात्रगत कतिपय मिथकीय स्थापनाहरू भत्किँदै जाने अवस्था देखिन्छ । अतः आलोचनात्मक प्रवृत्तिको हुने भएकाले मिथकीय पात्रका पुनर्सिर्जनलाई साहित्यलेखनमा महत्त्वपूर्ण साधनका रूपमा प्रयोग गरिएको पाइन्छ ।

## कथामा पात्रगत पुनर्सिर्जन

कथाको महत्त्वपूर्ण संरचक घटकका रूपमा पात्र रहेको हुन्छ । सहभागीका रूपमा कार्यव्यापारलाई अघि बढाउन कथानकमा प्रयुक्त व्यक्ति नै कथाका पात्रका रूपमा चिनिन्छन् । कथामा प्रयुक्त जीवनजगत्का यथार्थ पात्र अथवा काल्पनिक तथा मिथकीय पात्रहरू रहेका हुन्छन् । नेपाली साहित्यमा मिथकका स्रोतहरूमा संस्कृतका महाआख्यान भनिने वैदिक–पौराणिक मिथक, नेपाली लोकगाथा र लोकसंस्कृति वा जनजातीय मिथक, अरबी–फारसीका मिथक, इतिहासका मिथक र विश्वका विभिन्न भाषा–साहित्य एवम् इतिहास संस्कृतिका मिथकहरू रहेका छन् । आधुनिक नेपाली कथामा तिनै कथामा प्रचलित विभिन्न मिथकीय पात्रहरू वा तिनका चारित्रिक विशेषतालाई सान्दर्भिक बनाई पुनर्सिर्जन गरिएको पाइन्छ । कथाका मिथकीय पात्रका स्थिर चरित्र हुन्छन् र तिनमा गतिशीलताको अन्त्य हुन जान्छ (भट्टराई, २०६१, प्राक्कथन) । प्रस्तुत अध्ययनका लागि चयनित कथामा केही पौराणिक ग्रन्थका मिथकीय पात्रहरूलाई वर्तमान धरातलमा प्रतीकात्मक पात्र बनाएर प्रस्तुत गरिएको छ।

## पौराणिक मिथकीय पात्रहरू

प्रस्तुत अध्ययनका लागि चयनित 'ब्राह्मी' र 'स्वाहा' कथामा विभिन्न पौराणिक मिथकीय पात्रहरू रहेका छन् । यी दुवै कथाको शीर्षकीकरण नै मिथकीय पात्रका नाममा भएको देखिन्छ । मूलतः हिन्दू धर्मग्रन्थ वेदपुराणमा वर्णित ब्राह्मी, शिव ब्राह्मण तथा गोमा ब्राह्मणी, दक्ष, तारकाक्ष, शतरूपा, स्वाहा, वीरभद्र, स्वयंभुव, योगमाया आदि पात्रहरू लिइएको देखिन्छ । उनीहरू स्कन्द पुराण, महाभारत, शिवपुराण आदिमा आधारित कथाबाट लिइएका मिथकीय पात्र हुन् । वर्तमान युगमा पनि समाजमा विद्यमान जातभात, धनीगरिब, उचनीचका विभेदजस्ता समस्यालाई उजागर गर्ने प्राचीन पौराणिक मिथकीय पात्रहरू यसप्रकार छन् ।

### 'ब्राह्मी' कथाका मिथकीय पात्र

प्रस्तुत अध्ययनको पहिलो कथा 'ब्राह्मी' हो । कथा नायिका ब्राह्मी शिव ब्राह्मण र गोमा ब्राह्मणीकी छोरी स्वयम्मा मिथकीय पात्र हो । ब्राह्मी पौराणिक कथाअनुसार शिवजीकी अष्टमात्रिकामध्ये एक देवी रूप हो । बहुल अर्थ दिने 'ब्राह्मी' को अर्को अर्थ घोरतापरे नामक बहुउपयोगी वनस्पति पनि हो भने अर्को अर्थ प्राचीन लिपि पनि हो । मिथकीय पात्र प्रयोग भएको आयामगत दृष्टिले लामो (पृ.७–२२) यस कथामा पनि केही पौराणिक कथाका पात्रहरूलाई वर्तमान सन्दर्भमा पुनर्सिर्जन गरिएको छ । ब्राह्मी मिथकीय पात्र हो र उसकै नामबाट कथाको नामकरण भएको छ ।

#### *शिव ब्राह्मण र गोमा ब्राह्मणी*

प्रस्तुत 'ब्राह्मी' कथामा शिव ब्राह्मण र गोमा ब्राह्मणी उच्च जातीय पात्रका रूपमा रहेका छन् । मूल कथाका अनुसार शिव ब्राह्मण जीवनयापनका लागि भिक्षा मागी हिँड्ने अत्यन्त गरिब ब्राह्मण हुन् । पौराणिक कथामा उनी सत्तरी वर्षीय उमेरमा सात वर्षकी गोमासँग बिहे गर्ने मिथकीय पात्र हुन् । त्यस्तै पूर्व कथामा शिव ब्राह्मण र गोमा ब्राह्मणी दम्पतिका एक छोरा नवराज रहेको र उनको जन्म नहुँदै बाबुको मृत्यु भइसकेको मिथक प्रचलित छ तर यस कथामा आइपुग्दा उनीहरूकी तेजस्वी छोरीका रूपमा ब्राह्मीको जन्म भएको छ । शिव पुराण तथा स्कन्द पुराणका कथामा वर्णित पात्रहरू शिव शर्मा ब्राह्मण तथा गोमा ब्राह्मणी यस कथामा बाबुआमा पात्रका रूपमा पुनः अवतरित छन् । पौराणिक कथाका वृद्ध गरिब, घुमन्ते मिथकीय पात्र शिव ब्राह्मणलाई यस कथामा भिन्न रूपले प्रस्तुत गरिएको छ :

साक्ष्य : १

शिव ब्राह्मण एक प्रसिद्ध वैद्य थिए । काली नदीतट अवस्थित कालीनगरमा उनको बासस्थान थियो । उनले जडीबुटी खुवाएरै भिरिङ्गीदेखि अर्बुद, कुष्ठरोग सजिलै निको पार्थे । उपचारपछि कसैले आफ्नो इच्छाले दिएको मात्र लिन्थे । नत्र पुण्य सम्झेर निःशुल्क उपचार गरिदिन्थे । यद्यपि उनलाई दिनेहरूको कमी थिएन । यसरी नै उनीसँग धनदौलत प्रशस्त थियो। उनको प्रसिद्धि कालीको मुहानदेखि पुछारसम्म फैलिएको थियो । तर शिव ब्राह्मणलाई एउटै चिन्ता थियो– पुत्रीका लागि असल वर कहाँ पाउने ? छोरी–ज्वाइँलाई आफ्नो सारा सम्पत्ति सुम्पने उनको योजना थियो । (परियार, २०७४, पृ.८)

उपर्युक्त साक्ष्यमा मिथकीय पात्र शिव ब्राह्मणको पुनर्सिर्जन गरी उनलाई नामी वैद्यका रूपमा प्रस्तुत गरिएको छ । आफ्नो ज्ञानले समाजमा पुऱ्याएको उपचारसेवाका कारण सारा नगरमा उनी परिचित भएका छन् । पौराणिक कथामा भिक्षा मागेर गुजारा चलाउने पात्रको पुनर्सिर्जन गरी धनदौलतले सम्पन्न र प्रभावशाली व्यक्तित्व निर्माण भएको छ । उनी आफ्नी एक मात्र सन्तान ब्राह्मीका लागि जातपात मिल्दो योग्य वरको खोजीमा चिन्तित रहेका पात्र हुन् । शिव ब्राह्मणको छोरीका लागि उपयुक्त ज्वाइँको खोजीको उद्देश्य उनीहरूलाई सम्पत्ति जिम्मा लगाउनु रहेको छ । यसमार्फत आफ्नो अंश र वंशका लागि छोरा नै चाहिने र उसैलाई उत्तराधिकारी बनाउन खोज्ने पितृसत्तात्मक समाजको परम्परित मान्यतालाई भत्काउँदै त्यसको पनि पुनर्सिर्जन भएको छ ।

साक्ष्य : २

जात, गोत्र र मातापिताको कुनै टुङ्गो नभएको वर्णशङ्करसँग आफ्नी पुत्री बिटुलिएको ब्राह्मण दम्पतीलाई मान्य भएन । ... ब्राह्मण दम्पती कालीमा फाल हाले । तर, धनुसले दुवैलाई उद्धार गरेर ल्याए (पृ.१७) ।

वर्णव्यवस्थामा आधारित समाजले जात, धर्म, कुल, गोत्र आदिलाई महत्त्व दिन्छ । मूल पौराणिक कथामा शिव ब्राह्मण पनि गोमाको बाबु शिवभक्त ब्राह्मणले यसरी नै कुनै घरथर, गोत्र, मातापिता कसैको पनि ठेगान नभएको भनी दुत्कारिएको थियो । त्यही प्रवृत्ति यस कथामा शिव ब्राह्मणबाट धनुसमाथि दोहोरिएको छ । कुनै जातथर, गोत्र थाहा नभएको युवकसँग छोरीको प्रेमसम्बन्ध रहेको थाहा पाएर ब्राह्मण दम्पतीले घोर बेइज्जती ठानेर चरम असन्तुष्टि जनाएका छन् । यस कथाका शिव ब्राह्मणको व्यवहार विरोधाभासपूर्ण र उच्च जातीय अहंकारी चरित्रका रूपमा देखिएको छ । यसरी पौराणिक मिथकीय पात्र शिव ब्राह्मणलाई नेपाली समाजको परम्परागत जातीयताको कट्टर पक्षपाती चरित्रका रूपमा उभ्याइएको छ । नातिनी धनाश्रीबाट वास्तविकता थाहा पाएपछि उसले ब्राह्मी र धनुसको सम्बन्धलाई स्वीकृति दिएको छ ।

साक्ष्य : ३

शिव ब्राह्मणले भने, तिम्रा पिता धनुस नै हुन् । जाऊ, उनलाई यहाँ लिएर आऊ । परम्परा र धर्म–संस्कारका नाममा तिमीबाट पिताको सुख र ब्राह्मीबाट पतिको सुख छिनेर हामीले भुल गरेका छौँ । अब त्यसको प्रायश्चित गर्न चाहान्छौँ (पृ.२१) ।

उपर्युक्त कथनबाट शिव ब्राह्मणको स्वभाव र दृष्टिकोणमा सकारात्मक परिवर्तन भएको देखिन्छ। मानवीयताको सम्बन्धभन्दा ठूलो केही हुन्न भनेर समयको प्रवाहसँगै आफ्नो गल्तीलाई सच्याउँदै अरूको

अस्तित्वलाई महत्त्व प्रदान गर्नु पात्रगत सोच परिवर्तन हो । पात्रगत पुनर्सिर्जनका माध्यमबाट परम्परागत जातीय विभेदबाट माथि उठेर समताको व्यवहारको अपेक्षा राखिएको छ । यसरी मिथकीय पात्रलाई समसामयिक सन्दर्भमा फरक स्वरूपमा प्रस्तुत गर्नु पात्रगत पुनर्सिर्जन रहेको छ ।

***धनुस***

प्रस्तुत 'ब्राह्मी' कथामा रहेको अर्को पात्र धनुस हो । कथा नायिका ब्राह्मीले जीवनसाथीका रूपमा चुनेको पात्र उसलाई मिथकीय पात्र कर्णको चारित्रिक रूपान्तरणमा पुनर्सिर्जन गरिएको छ । धनुसलाई महाभारतको ओजस्वी वीर तर परिस्थितिले ठगिएको मिथकीय चरित्र कर्णको समरूप देखाउन पुनर्सिर्जनको विधि अपनाइएको छ । नामअनुसारको धनुर्धारी पात्र धनुस 'ब्राह्मी'को प्रेमी र पति तथा कथानायकका रूपमा प्रस्तुत छ । शिव ब्राह्मणकी छोरी ब्राह्मीले बाल्यकालदेखि नै मन पराएको व्यक्ति धनुस पौराणिक कथा महाभारतको कर्णजस्तै माझीको घरमा हुर्केको साहसी योद्धाको रूपमा देखिन्छ । उच्च जातीय सामाजिक व्यवस्थाले महत्त्वपूर्ण मानेको जातथर, कुल, गोत्रको कुनै पत्ता नभएको तल्लो जातको भनी सामाजिक अपहेलना गरिएको धनुसको कैरन  रहस्यमय देखिएको छ :

साक्ष्य : ४

> काली नदीमा एकजना माझी थिए । माझीले धनुस नाम गरेका बालकलाई धर्मपुत्र पालेका थिए । धनुस निकै सुगठित शरीरका थिए, असाध्यै एकोहोरो पनि, कतै हेरेर हिँडे भने रूख, ढुङ्गा, भित्तो यस्तै कहीँ न कहीँ ठोकिन्थे । खै कुन सत्ले हो ? उनी भीरबाट खसेका थिएनन् । अक्करमा परेका थिएनन् । उनी धनुर्विद्यामा निपुण थिए । रौँलाई पनि छिद्र पार्ने गरी तारो हान्न सक्थे । अनि पानीमा माछाजस्तै पौडिन सक्थे ।(पृ. ८)

कथाको आरम्भमा धनुसलाई माझीले धर्मपुत्र पालेको प्रसङ्ग प्रस्तुत गरेर उसको चरित्रलाई महाभारतमा वर्णित मिथकीय पात्र कर्णको प्रतिरूपजस्तो देखाइएको छ । महाभारतका कर्णको झैँ यस कथाको नायक साहसी वीर तर अन्याय नसहने धनुसको जीवन रहस्यमय, संघर्षमय र दुर्नियतिपूर्ण देखिन्छ । उसको व्यक्तित्वलाई नीच देखाउने क्रममा अर्को प्रसङ्गमा पनि उही कुराको आवृत्ति भएको छ : "धनुसको कुनै जात र मातापिताको टुंगो थिएन । कालीले बगाएर ल्याएको ८–१० वर्षको बालकलाई माझीले धर्मपुत्र पालेका थिए " (पृ.१६) । महाभारत कथामा वर्णित कुन्ती र सूर्यपुत्र कर्णझैँ जीवनको आरम्भमै परिवारबाट बिछोडिएर अर्काको आश्रयमा पालित ऊ जातीय विभेद र अन्यायको मारमा परेको पात्र हो ।

धनुसको वीरता र आदर्शबाट उसमा कर्णझैँ नायकको छवि सिर्जना गरिएको छ । बालबालिका, महिला र बृद्धबृद्धाप्रति अत्यन्त सद्भाव राख्ने धनुस ब्राह्मण पिता र शुद्र माताका कोखबाट जन्मेको देखाइएको छ । उसको कुलगोत्र, जातपात र मातापिताका सम्बन्धमा चर्को प्रश्न उठेपछि ज्योतिषी बनेको उसकै बाबुद्वारा कथाको उत्तरार्द्धमा रहस्योद्‌घाटन गरिएको छ । महाभारतमा दुर्योधनले आधा राज्यको उत्तराधिकारी घोषित गरेको कर्णले त्यसको भोग गर्न नपाएझैँ धनुसलाई पनि जीवनको उत्तरार्द्धमा ब्राह्मीका मातापिताले स्वीकार्ने कुरा गरे पनि उसले पारिवारिक सुख र सम्मान प्राप्त नगरी अन्त्य भएको अवस्थामा साम्यता देखिन्छ । समाजमा व्याप्त उचनीचको जातीय विभेदका कारण विगतदेखि वर्तमानसम्म मानिसहरू प्रताडित भई वियोगान्त भोगिरहन विवश अवस्थाको पुनरावृत्ति कथामा प्रस्तुत भएको छ । विभेदको अन्त्य गरी समानता र सुव्यवस्था स्थापनाको जिम्मेवारी भावी युवा पुस्ताको हो भन्ने सन्देश

धनुस र ब्राह्मीकी छोरी "धनाश्रीले संसारलाई सत्य र न्याय सिकाउनेछिन्" (पृ.१८) र बाण लागी घाइते धनुसले "सूर्यलाई एकाहोरो हेरिरहे" (पृ.२२) भन्ने कथनले उज्यालो र आशावादिताको सङ्केत गरेको छ ।

यसरी 'ब्राह्मी' कथामा प्रयुक्त विभिन्न पात्रमध्ये शिव ब्राह्मण र धनुसको चारित्रिक रूपान्तरण गरिएको छ । यस्ता पौराणिक मिथकीय पात्रहरूको पुनर्सिर्जन गरी युगीन सामाजिक यथार्थलाई प्रस्तुत गरिएको छ ।

**स्वाहा कथामा मिथकीय पात्र प्रयोग**

कथाकार परियारको अर्को कथा 'स्वाहा' बहुल मिथकीय पात्र प्रयोग भएको कथा हो । 'स्वाहा' कथामा प्रयुक्त पात्रहरूमा महाराज दक्ष, दक्षकी आमा शतरूपा, पत्नी प्रसूति, छोरी स्वाहा, चन्द्रावती, वीरभद्र, स्वयंभूव, राजा तारकाक्ष आदि रहेका छन् (पृ.१३६–१५६)। यस कथामा प्रयुक्त पात्रहरू पनि स्कन्द पुराण तथा शिव पुराणमा वर्णित मिथकीय पात्रहरू नेपाली परिवेशका सन्दर्भमा पुनःरचित छन् । केही पात्रलाई पौराणिक कथाको उही चरित्रमा र केही फरक भूमिकामा प्रस्तुत गरिएको छ । त्यस्तै नेपाली सामाजिक सांस्कृतिक परिवर्तनका लागि विद्रोही भूमिका खेलेकी क्रन्तिकारी नारी योगमायाका बारेमा पनि पार्श्वभूमिमा उल्लेख गरिएको छ । पौराणिक कथाबाट आधुनिक 'स्वाहा' कथामा आइपुग्दा पात्रका साथै लेखकीय विचार प्रकट गर्न परिवेशको पनि परिवर्तन वा पुनर्सिर्जन भएको छ ।

***स्वाहा***

प्रस्तुत कथाको कथा नायिका स्वाहा एक मिथकीय पात्र हुन् । पौराणिक कथाअनुसार राजकुमारी स्वाहा महाराज दक्ष प्रजापतिकी छोरी हुन् । उनको विवाह अग्निदेवसित भएको थियो । अग्निकुण्डमा देवदेवीका नाममा पवित्र हवन गर्दा उनैको नाम पुकारिन्छ र उनैमार्फत अग्निदेवले हविष्य ग्रहण गर्दछन् भन्ने पुराणमा उल्लेख भएको पाइन्छ । यस कथामा पनि उनलाई महाराज दक्षकै छोरी अर्थात् राजकुमारी पात्रका रूपमा भिन्न परिवेशमा स्वाहाको बाल्यकालदेखि यौवन अवस्थासम्मको चित्रण भेटिन्छ । दरबारिया सुखसयलमा हुर्किएकी सानैदेखि घोडचढीमा सोख राख्ने स्वाहा अत्यन्त सुन्दर, जिद्दी, दयालु, साहसी र न्यायप्रिय स्वभावकी हुन्छिन् : "राजकुमारीले प्रजालाई भोजन बाँडिन्, सुनको थालै दिइन्, साहसिक घोडचढी गरिन्, उनी दयामायाकी खानी र रूपकी रानी छन्– कानकान हँदै रातारात 'स्वाहा'को यश र कृति सारा राज्यभरि फैलिएको थियो" (पृ.१४१)।

स्वाहामा युवावस्थामा अन्यायको विरोध गर्ने स्वभाव देखिन्छ । पौराणिक कथामा दक्षकी जेठी छोरी सतीदेवीले अग्निकुण्डमा हाम फालेको सन्दर्भलाई यस कथामा स्वाहामार्फत पुनरावृत्त गराइएको छ। आमा शतरूपाले राजा दक्षलाई सुशासनका लागि दिएको सल्लाह नसुनी मनोमानी गरेकाले दरबार त्यागेर हिँडेपछि 'स्वाहा'ले विद्रोही कदम उठाउँछिन् : "पिताले आफ्नो माग नसुनेपछि उनी रिसले दरबारका पुरोहितको अग्निकुण्डमा पसिन् । तत्काल उद्धार गरी उनको उपचार गरियो । अग्निले पोलेको घाउ त निको भयो, छालाको दाग गएन, उनी कुरूप भइन्" (पृ.१४८) । जुन पितालाई छोरीको रूपको अभिमान थियो, त्यसलाई स्वाहाले भत्काइदिएकी छन् । यस्तै उनीसँग बिहे गर्न भनी आएको त्रिपुरको राजा तारकाक्षको प्रस्ताव अस्वीकार गरेर सम्पत्ति र रूपका पछि लाग्ने आसुरी प्रवृत्तिको ढोँगी पुरुष अहंकारलाई पनि चुनौती दिएकी छन् :

> महाराज तारकाक्ष ! म अहिले त्यति सुन्दरी छैन, मेरो रूप जलेको छ । संसारमा प्रशंसाका भोका स्त्री पनि होलान्, परन्तु यहाँ भने हजुरको निसाना खेर गयो । भौतिक रूपमा जतिसुकै वैभवी र शक्तिशाली किन

> नहोस्, त्यो पुरुष मेरो नजरमा मानसिक दरिद्र हो, जसले धनदौलत र रवाफका भरमा स्त्रीलाई प्राप्त गर्न खोज्छ । (पृ.१५१)

स्वाहाले बालकैमा सेनाको घोडा चढेर कठिन योगमाया भिर पार गरेकी देखाइएको छ । पौराणिक पात्र स्वाहालाई विद्रोही नारी योगमायासँग जोडेर वास्तविक पात्रका रूपमा पुनर्सिर्जन गरिएको छ ।

***महाराज दक्ष***

प्रस्तुत 'स्वाहा' कथाका महाराज दक्ष पौराणिक मिथकीय पात्र हुन् । उनी पौराणिक कथामा र यस कथामा पनि स्वाहाका वास्तविक बाबु हुन् । उनको चरित्रलाई कथाकारले पुनर्सिर्जन गर्दै शक्तिका आडमा कमजोरमाथि अन्याय गर्ने अविवेकी शासकको पतन अवश्यम्भावी हुन्छ भन्ने तथ्यलाई रहस्यात्मक कथानक जोडेर तयार पारिएको छ । मिथकीय पात्र दक्षका बारेमा रहेका विभिन्न किंवदन्तीमध्ये महाभारतको पौराणिक कथानुसार दक्ष प्रजापतिको उत्पति ब्रह्माको औंलाबाट भएको र ऊ अत्यन्तै बलशाली, बुद्धिशाली भएको स्कन्द पुराणमा विस्तृत चर्चा रहेको पाइन्छ । दक्षकी जेठी छोरी सतीदेवीसँग महादेवले विवाह गरेका कारण उनी महादेवका ससुरा हुन् । कतिपय ठाउँमा उनलाई सृष्टि निर्माणकर्ता देवता एवम् ऋषिका रूपमा पनि पुजिन्छ (पाण्डे, सन् २०१८, पृ.३०९) । पौराणिक कथामा दक्ष प्रजापतिले महायज्ञ गर्दा छोरी सतीदेवीलाई नबोलाएका कारण सतीले सोही यज्ञकुण्डमा हाम फालेर आत्महत्या गरेपछि महादेवका सेनापति वीरभद्रले शीर छेदन गरेका र पछि महादेवले बोकाको टाउको जोडेर ब्युँताइदिएको कथा पाइन्छ । दक्षलाई 'स्वाहा' कथामा पनि उस्तै हठी र क्रोधी चरित्रको आफ्नै सेनापति वीरभद्रद्वारा मारिएको छ ।

प्रस्तुत कथामा महाराज दक्षलाई नेपालको राणाकालीन समयको अन्यायी शासकका प्रतिरूपमा पुनर्सिर्जन गरिएको छ । उनी कर असुल्ने र शक्ति प्रदर्शन गर्ने उद्देश्यले सपरिवार पूर्वी राज्यको भ्रमणमा गएको, अरूण नदीको काखमा बास बसेका, सानी छोरी 'स्वाहा'लाई पछ्याउँदै गएका राजाका एक हजार घोडसवार सेना अरुणमा खसेका उल्लेख भएको छ (पृ.१३८)। राजदरबार छाडेर योगमायाको पवित्रभूमिमा बसेकी छोरी स्वाहालाई फर्काउन गएका सेना सबै आदित्यहाङसँग हारेपछि आफैँ युद्धमा अग्रसर भएका राजा दक्ष आफ्नै सेनापति वीरभद्रद्वारा त्यहीँ मारिएको छ । नाम दक्ष भए पनि विपरित चरित्रको राजकाजमा अदक्ष शासक, अत्यन्त अहङ्कारी, घमण्डी, स्वेच्छाचारी र पारिवारिक विघटकको रूपमा पात्रगत प्रवृत्तिको पुनर्सिर्जन गरिएको छ ।

***शतरूपा***

पौराणिक कथामा शतरूपालाई ब्रह्माकी मानस पुत्रीका रूपमा उल्लेख गरिएको छ । उनको विवाह ब्रह्माकै मानस पुत्र स्वयंभुवसँग भएको र उनीहरूका दुई छोरामध्ये एक दक्ष प्रजापति हुन् । तर यस कथामा कुशल राजमाताको रूपमा शतरूपाको चरित्रलाई मातृवत्सल, न्याय, समता र जनहितका पक्षमा प्रस्तुत गरिएको छ । आफ्नो सल्लाह नमानेका कारण छोरा दक्षसँग रिसाएर दरबारबाट हिँडेकी राजमाता शतरूपाको मान्यता राजाले जनतालाई सर्वोपरि मानेर शासन गर्नुपर्छ भन्ने रहेको छ :

> पुत्र दक्ष ! बाहिरबाट बलियो पर्खाल लगाउँदैमा कोही पनि सुरक्षित हुँदैन । अझ राजाको सुरक्षारूपी अन्तिम पर्खाल भनेकै प्रजा हुन् । एउटा राजाको लागि प्रजाभन्दा बलियो र विश्वासयोग्य अर्को कुनै ढाल छैन । हृदय जितेर प्रजालाई साथमा लिने हो, बल प्रयोग गरेर मात्रै कसैलाई आफ्नो रक्षक बनाउन सकिँदैन । तसर्थ, प्रजाको चाहना र पीरमर्का बुझेर अघि बढ् । (पृ.१४७)

प्रस्तुत कथामा राजमाता शतरूपालाई योगिनी चन्द्रावती नामक रहस्यात्मक पात्रका रूपमा पुनर्सिर्जन गरिएको छ । उनले पूर्वी नेपालको अरुण नदी आसपास चन्द्रावती कुटी बनाई बसेको ठाउँलाई कथामा 'योगमाया क्षेत्र' नामकरण गरिएको छ । दुष्ट विचारका पुरुष प्रवेश निषेधित यसै ठाउँमा बिधवा महिलाहरूसहित चन्द्रावती राज्य स्थापना गरी बसेको काल्पनिक कथ्य प्रस्तुत छ : "चन्द्रावती को हुन्, कहाँबाट आइन् ? पत्तो कसैलाई थिएन । ६ महिना नबित्दै त्यस क्षेत्र चन्द्रावतीको राज्यजस्तो बन्यो" (पृ.१४३)। पौराणिक कथामा सात वर्षे बालिकाको सत्तरी वर्षे वृद्धको बिहे भएको सन्दर्भ विपरीत योगिनी चन्द्रावतीको रूपमा भेष बदलेकी सत्तरी वर्षीया वृद्धा र सात वर्षीय बालक आदित्यहाङसँग बिहे गरेको देखाई कथ्यको पुनर्सिर्जन गरिएको छ : "यो चन्द्रावती राज्य हो । यहाँ मेरो नियम चल्छ । तिमीले अब मसँग बिहे गर अनि मेरो र यहाँ भएका नारीको सेवा गरेर बस" (पृ.१४३)। समाजमा थिति र अनुशासन हुनुपर्छ भन्ने मान्यता राख्ने पात्रकै क्रियाकलाप विरोधाभासपूर्ण देखिएको छ तर यहाँ लेखकीय टिप्पणीका रूपमा आएको जेहोस् परम्परागत समाजमा नयाँ सन्देश पुगेको थियो (पृ.१४५) भन्ने कथनले परिवर्तनका सन्देशका लागि पात्रगत पुनर्सिर्जन गरिएको प्रस्ट हुन्छ । कथाको अन्त्यतिर पुगेर शतरूपाले छोरा दक्षको अन्त्यपछि नातिनी स्वाहा र आदित्यहाङको जोडीलाई आशीर्वाद दिँदा पनि यसै कुरालाई प्रस्ट पारेकी छिन् (पृ.१५३) । आफ्नो बुद्धिमत्ताद्वारा वास्तविक प्रेमी–प्रेमिकाको मिलन गराई राज्य सुसञ्चालनको जिम्मेवारी सुम्पिने शतरूपामा मानिस जातले हैन, कर्मले महान् हुन्छ भन्ने विचार देखिएको छ । यसरी पौराणिक मिथकीय पात्र शतरूपालाई कथामा योगिनी चन्द्रावती र ऐतिहासिक समाज सुधारक योगमायाको त्रिवेणी चरित्रका रूपमा प्रस्तुत गरिएको छ ।

### *स्वयंभूव*

प्रस्तुत 'स्वाहा' कथामा प्रयुक्त स्वयंभूव पनि पौराणिक मिथकीय पात्र नै हुन् । यस कथामा स्वयंभुव राजा दक्षका दरबारका राजगुरुका भूमिकामा पुनर्सिर्जन गरिएको छ । पुराणमा उनलाई ब्रह्माको मानस पुत्र, शतरूपाका पति तथा दक्षका पिताका रूपमा उल्लेख गरिएको पाइन्छ । सृष्टिका आदिपुरुष मनुका रूपमा पनि चिनिने स्वयंभूव यस दृष्टिले स्वाहाका हजुरबा हुन्। तर 'स्वाहा' कथामा राजकाजमा राजालाई उपयुक्त सल्लाह दिने राजगुरुका रूपमा मिथकीय पात्र स्वयंभुवको पुनर्सिर्जन गरिएको छ । महाराज दक्षको राज्यमा "राजगुरुले जोकोहीका तर्कसङ्गत कुरालाई सुन्थे र लागुसमेत गर्थे" (पृ.१४१) । तर घमण्डी राजा दक्षलाई सुव्यवस्थाको सल्लाह सबै कुरा निरर्थक हँदै गएकाले स्वयंभुवले सामाजिक न्यायबिनाको राजा हुन अयोग्य ठहर गरेका छन् (पृ.१५४) । सेनापतिसँगको सल्लाहले दक्षको अन्त्य गराई न्याय र विवेकबिनाको राजालाई पनि दण्ड मिल्छ भन्ने सन्देश दिएका छन् । यसरी स्वयंभुवको चरित्रलाई पौराणिक मिथकभन्दा भिन्न रूपमा जनआकाङ्क्षा र समय सन्दर्भअनुसार चल्ने बुद्धिमान् व्यक्तिका रूपमा पुनर्सिर्जन गरिएको छ ।

### *वीरभद्र*

प्रस्तुत 'स्वाहा' कथाका अर्का मिथकीय पात्र वीरभद्र हुन् । पुराणहरूमा सतीदेवीको निधनपछि क्रोधित महादेवका जटाबाट वीरभद्र उत्पन्न गरिएका र दक्षको यज्ञ विध्वंस गर्न पठाइएको हो । पौराणिक मिथकीय पात्रको भूमिकाबाट वीरभद्र आधुनिक कथामा पनि दक्षको सेनापतिका रूपमा यथावत् देखिन्छ । राजाको निरङ्कुशताले सीमा नाघेपछि उनले राजाज्ञाकै उलङ्घन गरेका छन् । नदीमा बेपत्ता भएको बहाना बनाई जनभावना बुझेर वीरभद्रले लोकप्रिय आदित्यहाङको साथ दिनु उपयुक्त हुने निर्णय गरेर दक्षको हत्या गरेका छन् । यसरी 'स्वाहा' कथामा स्वाहा र

आदित्यहाङलाई पुनर्मिलन गराउन भूमिका खेल्ने वीरभद्रको पुनर्सिर्जन गरी महादेवका बफादार सेनापतिको जस्तो स्थिर नभई गतिशील र भिन्न देखाइएको छ ।

***तारकाक्ष***

प्रस्तुत 'स्वाहा' कथाका तारकाक्ष पनि पौराणिक मिथकीय पात्र हुन् । स्कन्द पुराणका अनुसार तारकाक्ष दैत्यका राजा तारकासुरको छोरा हो । त्रिपुरा राज्यको शक्तिशाली राजा तारकाक्षलाई 'स्वाहा' कथामा दक्षको मित्रका रूपमा प्रस्तुत गरिएको छ । कथा नायिका दक्ष सुपुत्री स्वाहा र आदित्यहाङको प्रेम सम्बन्ध छुटाउने खलनायक भूमिकामा उसलाई प्रस्तुत गरिएको छ । छलकपटले आदित्यहाङलाई हराएर आफूले स्वाहालाई हात पार्ने सपना देखेको तारकाक्षलाई स्वाहाले लज्जित तुल्याई अस्वीकार गरिदिएकी छ । राजमाता शतरूपाको आदेश पाएर आदित्यहाङले तरबारले तारकाक्षको शिर काटिदिएको छ (पृ.१५३)। पुराणमा चारैतिर विध्वंस मच्चाउँदै हिँड्ने त्रिपुर राज्यको बलशाली तारकाक्षलाई 'स्वाहा' कथामा एउटी स्त्रीका सामु प्रेमको याचना गर्ने निरीह व्यक्तिका रूपमा पुनर्सिर्जन गरिएको छ ।

उपयुक्त 'ब्राह्मी' र 'स्वाहा' कथामा रहेका मिथकीय पात्रहरूको भूमिका पौराणिक मूल कथा वा किंवदन्तीभन्दा फरक शैलीमा प्रस्तुत भएको पाइन्छ । तिनीहरूलाई अलौकिक, रहस्यमूलकभन्दा पनि  नेपाली सामाजिक परिवेशअनुरूप बनाएर मानवीय विशेषतायुक्त चरित्रका रूपमा पुनर्सिर्जन गरिएको छ।

**कथामा पुनर्सिर्जनको औचित्य**

प्रस्तुत 'ब्राह्मी' र 'स्वाहा' कथामा मिथकीय पात्रका पुनर्सिर्जनको औचित्य उद्देश्यपरक रहेको देखिन्छ । मिथकीय पुनर्सिर्जनको उद्देश्य परम्परागत विश्वास र वर्तमान सांस्कृतिक मूल्यलाई जोडेर भविष्यको आत्मिक र सांस्कृतिक आकाङ्क्षालाई प्रस्तुत गर्ने, प्रतीकात्मक सौन्दर्यको पुनर्व्याख्या गर्ने, पुराना कथामा नयाँ अर्थको अन्वेषण गर्ने, भाषा र परिवेशको पुनर्रचना गर्ने आदि रहेका हुन्छन् (बराल र एटम, २०६६, पृ.१५७)। विवेच्य 'ब्राह्मी' र 'स्वाहा' कथामा पनि विभिन्न पौराणिक मिथकीय पात्रहरूको प्रयोग गरी परम्परागत विश्वास र वर्तमान सांस्कृतिक मूल्यलाई जोडेर समताको नयाँ दृष्टिकोण प्रस्तुत गरिएको छ । कथाकार स्वयम्ले लेखेका छन् : *कैरन* त्यस्ता कथाको सङ्ग्रह हो– जसमा मैले कतै पढेको, सुनेको, भोगेको र बोध गरेको समाजको केही अंश छ, मैले देख्न चाहेको आकृति पनि छ । ...कथाका घटना र पात्र हाम्रो समाज, सभ्यता, भूगोल, इतिहास र वर्तमानसँग जोडिएकै छन् (परियार, २०७४)। प्रस्तुत कथामा नेपाली समाजमा धर्म, संस्कार र परम्पराका नाममा देखिएका विभेद, अन्याय र बेथितिलाई सुधार्न सोच र व्यवहारमा परिवर्तन आवश्यक ठानेर पात्रीय पुनर्सिर्जन गरिएको पाइन्छ । यी कथामा भिन्दाभिन्दै परिवेश र विषयका कैरन रहेपनि तिनको अन्तर्वस्तु र सारवस्तु एकअर्कासँग अन्तर्सम्बन्धित देखिन्छन् । समाजका गम्भीर विषयवस्तुलाई सरल र रोचक ढङ्गले प्रस्तुत गर्न तथा पुराना कथाबाट नयाँ अर्थ खोज्नका लागि विभिन्न पौराणिक वा ऐतिहासिक मिथकीय पात्रहरूको पुनर्सिर्जन गरिएको छ । ब्राह्मी, शिव ब्राह्मण, गोमा ब्राह्मणी, कर्ण, दक्ष, शतरूपा, स्वाहा, स्वयंभुव, वीरभद्र आदि मिथकीय पात्रद्वारा आदिम प्रवृत्तिका रूपमा समाजमा व्याप्त कुप्रथा, अन्याय र अमानवीय विभेदका विरुद्ध सहअस्तित्व, सद्भाव, समन्यायको पक्षमा अभिव्यक्त चेतनालाई कथाको सारवस्तुका रूपमा प्रस्तुत गरिएको छ । त्यस्तै लोकप्रसिद्ध मिथकीय चरित्र योगमाया आदि परिवर्तनका लागि कथामा सोद्देश्य प्रतीकात्मक पात्रका रूपमा

प्रयुक्त देखिन्छन् । समग्रमा 'ब्राह्मी' र 'स्वाहा' कथामा प्रयुक्त मिथकीय पात्रका पुनर्सिर्जनको औचित्य समकालीन समाज र जीवनका सीमान्तीय पात्रको पहिचान र अस्तित्वबोधतर्फ सजग गराउनु रहेको देखिन्छ ।

**निष्कर्ष**

प्रस्तुत अध्ययनमा कथाकार ध्रुवसत्य परियारका 'ब्राह्मी' र 'स्वाहा' कथाका मिथकीय पात्रको पुनर्सिर्जन विश्लेषण गरिएको छ । यी कथामा विभिन्न किसिमका पौराणिक मिथकीय घटनासन्दर्भ र चरित्र आदिको पुनर्लेखन गरी पात्रलाई भिन्न परिवेशमा उभ्याइएको छ । मिथकका विषय प्रकृति, समाज, इतिहास, धर्म आदिसम्बन्धी हुने भएकाले कथामा ती विषयलाई समकालीन सन्दर्भसँग जोडेर व्याख्या गर्ने प्रवृत्ति मिथकीय पुनर्सिर्जनका रूपमा आएको देखिन्छ । मिथकको आधार तत्कालीन समाज नै भएकाले दुवै कथामा नेपाली भूगोलको समाजमा देखिइरहेका जातीय विभेद, वर्गीय शोषण, सामाजिक असमानता, अन्यायमूलक व्यवस्था, प्रेम र द्वन्द्व आदिजस्ता कथाका अन्तर्वस्तुका रूपमा रहेका छन् । 'ब्राह्मी' कथामा मूलतः नेपाली समाजको जातीय विभेदको समस्यालाई मिथकीय पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ भने 'स्वाहा' कथामा शासकको अविवेकी, अहङ्कारी, अन्यायी चरित्रले राज्यव्यवस्थामा अस्तव्यस्तता बढाउनुका साथै आफ्नै विनाशसमेत निम्त्याउने तथ्यको उद्घाटन पौराणिक मिथकीय पात्रमार्फत गरिएको छ । यी कथामा महाभारत कथा, स्कन्द पुराण आदिका प्राचीन मिथकीय पात्रहरूलाई प्रतीकात्मक रूपमा समकालीन समाज र जीवनसँग सान्दर्भित गरेर प्रस्तुत गर्नु महत्त्वपूर्ण देखिन्छ । 'ब्राह्मी' र 'स्वाहा' कथामा मिथकीय किंवदन्ती तथा पौराणिक घटना र चरित्रका माध्यमबाट जटिल विषयवस्तुलाई सरल र आकर्षक रूपले प्रस्तुत गरी नयाँ अर्थको खोजी गर्न पुनर्सिर्जनको माध्यम अपनाएको देखिन्छ । समग्रमा परियारका यी दुई कथामा पौराणिक मिथकीय पात्रका सशक्त रूपमा पुनसिर्जन गरी वैचारिकी प्रस्तुत गर्ने उद्देश्य देखिएको छ ।

## सन्दर्भसामग्री


अधिकारी, ज्ञानु (सम्पा.)(२०७६), *प्रज्ञा समकालीन नेपाली कथाविमर्श,* नेपाल प्रज्ञाप्रतिष्ठान।

इको, अम्बेर्टो (२००४), *रिफलेक्न अन द नेम अफ द रोज* (अनु. विलियम वेभर), मिनेर्भा ।

एटम, नेत्र (२०७४), *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* नेपाल प्रज्ञा–प्रतिष्ठान ।

गौतम, कृष्ण (२०७१), *उत्तरसिद्धान्त,* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

ढकाल, बद्रीप्रसाद (२०७५), *मिथक सिद्धान्त र प्रयोग,* ओरियन्टल पब्लिकेसन हाउस ।

परियार, ध्रुवसत्य (२०७४), *कैरन,* साङ्ग्रिला बुक्स प्रा.लि. ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* (ते.सं.), साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०६१), *आख्यानको उत्तरआधुनिक पर्यावलोकन,* रत्न पुस्तक भण्डार।

मोरारु, क्रिस्चियन (सन् २००१), *रिराइटिङ : पोस्टमोर्डन न्यारेटिभ एन्ड कल्चरल क्रिटिक इन द एज अफ क्लोनिङ,* स्टेट युनिभर्सिटी अफ न्युयोर्क ।